नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**झापा जिल्ला मेचीनगर नगरपालिक वडा नं १४, स्थित साकम्बरी प्रोडक्ट (स्थायी लेखा नं ३०५४४१४६१) का प्रोप्राइटर मुकेश शर्मा र कारोबारको मुख्य व्यक्ति रामकृष्ण शर्मा समेत ६ जनालाई राजस्व चुहावट गरेको अभियोगमा ३६ करोड ५५ लाख विगो कायम गरी झापा जिल्ला अदालतमा मिति २०७६।०८।०१ गते मुद्दा दायर।**

प्रतिवादीहरुको आपसी मिलेमतो र संलग्नतामा साकम्बरी प्रोडक्टले उत्पादन गरेको अवैध गुट्खाजन्य मालवस्तुहरु योजनावद्ध रुपमा माधव इन्टरप्राइजेज समेतको संलग्नतामा उसको बीलबीजक समेतको प्रयोग गरी अन्तःशुल्क स्टिकर नलगाई पुनः प्रयोग गरी बिक्री वितरण गरी कानून बमोजिम तिर्नु वुझाउनु पर्ने अन्तःशुल्क, मु.अ.कर र आयकर राजस्व नवुझाई प्रतिवादीहरु **साकम्वरी प्रोडक्ट (स्थायी लेखा नं ३०५४४१४६१)** (अवैध गुट्खा उत्पादन गर्ने) का प्रोप्राइटर मुकेश शर्मा र सुपरभाईजर विष्णुप्रसाद खरेल, **एस. एस. इन्टरप्राइजेज (स्थायी लेखा नं ३००००५०९१)** (अवैध गुट्खा विक्री वितरण गर्ने) का प्रोप्राईटर रामकृष्ण शर्मा, सुपरभाईजर सदन सिंह तथा **माधव इन्टरप्राइजेज (स्थायी लेखा नं ६००७२०५३९)** (अवैध गुट्खा विक्री गर्न विजक र छाप उपलब्ध गराउने) का प्रोप्राईटर सिताराम शर्मा तथा सवारी धनी आशिष शर्माको आपसी मिलेमतोमा अबैध रुपमा गुटखा लगायतका मालवस्तुहरु उत्पादन गरी अवैध बिक्री वितरण गरी राजश्व छली राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरेकोले ऐ.ऐनको दफा ४ (क) र (ख) बमोजिमको कसूर अपराध गरी ऐ. ऐनको दफा २(छ१) बमोजिम कायम हुन आउने (तपसिलमा उल्लेख भए बमोजिम) कूल बिगो **रु .३६,५५,६३,३३७।४६ (अक्षरेपी छतीस करोड पचपन्न लाख त्रिसठी हजार तीन सय सैतीस पैसा छयालीस मात्र)** साकम्वरी प्रोडक्टका प्रोप्राइटर मुकेश शर्मा समेतबाट असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई झापा जिल्ला अदालतमा मिति २०७६।०८।०१ गते मुद्दा दर्ता गरिएको ।

| सि.नं. | विवरण | विगो रकम रु. |
|---|---|---|
| १ | अन्तःशुल्क | ३१,०५,३९,९५९।७१ |
| २ | मूल्यअभिवृद्धी | २,७९,९८,५६९।१९ |
| ३ | आयकरतर्फ | २३,८८,३०१७।३१ |
| ४ | स्वास्थ्य जोखिम कर आर्थिक ऐनको दफा ७ (१) बमोजिम | ३१,४१,७९१।२५ |
| **५** | **राजस्व चुहावट ऐन, २०५२ अनुसार कायम हुने जम्मा विगो** | **३६,५५,६३,३३७।४६** |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**